बैठक नं.२०

आज मिति २०८० साल आषाढ १ गते शुक्रवार दिनको १२:३० बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री राजकुमार नकर्मीज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री राजकुमार नकर्मी | |
| २ | सदस्य, उपप्रमुख | श्री शुभलक्ष्मी शाक्य (सुनिता) | |
| ३ | सदस्य, अध्यक्ष वडा नं. १ | श्री हिरालाल महर्जन | |
| ४ | सदस्य, अध्यक्ष वडा नं. २ | ई. श्री रूपेश महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा नं. ३ | श्री सुविन्द्र महर्जन | |
| ६ | सदस्य, का.वा. अध्यक्ष वडा नं. ४ | श्री दिनेश चन्द्र दाहाल | |
| ७ | सदस्य, अध्यक्ष वडा नं. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ८ | सदस्य, अध्यक्ष वडा नं. ६ | श्री खीरमान सिंह बस्नेत ( पृथ्वी ) | |
| ९ | सदस्य, अध्यक्ष वडा नं. ७ | श्री दिवाकर अधिकारी | |
| १० | सदस्य, अध्यक्ष वडा नं. ८ | श्री सानु मैया महर्जन | |
| ११ | सदस्य, अध्यक्ष वडा नं. ९ | श्री दिनेश श्रेष्ठ | |
| १२ | सदस्य, अध्यक्ष वडा नं. १० | श्री नरेश महर्जन | |
| १३ | सदस्य | श्री हरिराम बोगटी | |
| १४ | सदस्य | श्री जमुना महर्जन | |
| १५ | सदस्य | श्री पवित्रा विष्ट | |
| १६ | सदस्य | श्री विमला थापा (कार्की) | |

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १७ | सदस्य | श्री राजिता गौतम महर्जन | |
| १८ | सदस्य | श्री राज्यलक्ष्मी श्रेष्ठ शाक्य | |
| १९ | सदस्य | श्री सुजाता सुनाम | |
| २० | सदस्य सचिव | श्री लक्ष्मी प्रसाद बास्कोटा | |

आमन्त्रित व्यवस्थापन कर्मचारीहरुः

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | लेखा अधिकृत | श्री प्रविनकुमार शाही | |
| २ | वरिष्ठ अधिकृत सातौ | श्री जनक थापा | |
| ३ | नगर प्रमुखको सचिवालय | श्री राजकपुर श्रेष्ठ | |
| ४ | क.अ. | श्री अकिल अमात्य | |
| ५ | कम्प्युटर अपरेटर | श्री रविन नकर्मी | |
| ६ | नगर उप-प्रमुखको सचिवालय | श्री केशव महर्जन | |
| | | | |

प्रस्तवहरु

१) भू-उपयोग बर्गीकरण सम्वन्धमा।

२) आ.व.२०८०/०८१ को नीति,कार्यक्रम, तथा बजेट सम्वन्धमा।

३) सार्बजनिक सुनुवाई कार्यक्रमको समीक्षा सम्बन्धमा ।

४) कभर्ड हलको रेखदेखको लागि पाले/पहरा ज्यालादारीमा लिने सम्बन्धमा ।

५) विविध

निर्णय नं . १

बैठकमा पेश हुन आएको कीर्तिपुर नगरपालिकाको भू-उपयोग कार्यबिधि,२०७९ को मस्यौदा सम्बन्धमा छलफल भयो ।नगरकार्यपालिकाको कार्यालय र वडा कार्यालय मार्फत उक्त कार्यबिधिमा उल्लेखित जग्गाहरुको वर्गीकरणको विवरण सर्वसाधारणको जानकारी एवं राय माग गर्नका लागि ३५ दिने सुचना प्रवाह गर्ने निर्णय गरियो ।

निर्णय नं . २

आ.व.२०८०/०८१ को नीति, कार्यक्रम, तथा बजेट तर्जुमा सम्बन्धमा हालसम्म भएको प्रगतीको समीक्षा गरीयो र नीति, कार्यक्रम र बजेट समयमा नै तयार गरी तोकिएको समयसिमा भित्र नगर सभामा पेश गर्ने निर्णय गरीयो ।

निर्णय नं . ३

मिति २०८० साल जेष्ठ १४ गतेका दिन आयोजना गरिएको सार्बजनिक सुनुवाई कार्यक्रमको समीक्षा गरियो ।

निर्णय नं . ४

यस नगरपालिकाको वडा नं. १० स्थित कभर्डहलको पाले/पहरा प्रयोजनार्थ जिल्ला दररेटमा तोकेको अदक्ष कामदारले पाउने ज्याला उपलब्ध हुने गरी दुई जना जनशक्ती दैनिक ज्यालादारीमा व्यबस्थापन गर्न नगर प्रमुखज्यूलाई अख्तियारी दिने निर्णय गरीयो ।

निर्णय नं.५

विनियोजन ऐन,२०७९ मा स्वास्थ्यतर्फको २ वटा स्थानमा निःशुल्क प्रयोगशाला सञ्चालन गर्ने कार्यक्रम बजेट अभावको कारण यस आ.व.मा वडा नं. ६ मा रहेको चोभार स्वास्थ्य चौकीमां प्रयोगशाला स्थापना गर्ने र सो सञ्चालनार्थ एक जना ल्याब असिष्टेण्ट (चौथो तह) को पद अस्थायी दरबन्दी सिर्जना गरी करारमा पदपुर्ति गर्ने निर्णय गरीयो ।

निर्णय नं.६

कीर्तिपुर माध्यामिक विद्यालयको प.सं. २०८० च.नं. २० मिति २०८०/०२/०७ को पत्रबाट उक्त विद्यालयको निर्माणाधिन १६ कोठे भवनको नक्सापासका लागि आवश्यक पर्ने राजश्व तिर्न विद्यालयमा आर्थिक अभाव रहेको हुँदा आर्थिक अनुदान उपलब्ध गराईदिनहुन भनी विद्यालय व्यबस्थापन समितिको निर्णय समेत

संलग्न राखी अनुरोध भई आएको सम्बन्धमा उक्त विद्यालय भवनको नक्सापास गर्दा लाग्ने राजश्व रकम रु ३,७९,४२०।—( रु तीनलाख उनासी हजार चारसय बीस रुपैया मात्र) विद्यालयलाई अनुदान स्वरुप उपलब्ध गराउँने निर्णय गरीयो ।

निर्णय नं.७

वडा नं. ८ का वडा सदस्य श्री सरस्वती परियारले २०८० बैशाख ३० गतेदेखि केही महिनाका लागि पारिवारिक भेटघाट तथा भ्रमणका क्रममा अष्ट्रेलिया जानु परेको भनि मिति २०८०/०१/२६ गते नगर प्रमुख समक्ष निबेदन मार्फत जानकारी गराउँनु भएको व्यहोरा कार्यपालिकालाई जानकारी भयो ।

निर्णय नं. ८

यस नगरकार्यपालिका कार्यालयमा बिभिन्न मितिमा "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र माग गरी पेश हुन आएका निवेदकहरु मध्ये "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी समितिबाट योग्यता सम्बन्धी कागजातहरु रुजु गरी ईजाजतपत्र दिनका लागि सिफारिस भै आएका निम्न निवेदक/ फर्महरुलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

| क्र.स | फर्म /कम्पनीको नाम | संचालकको नाम | वडा नं | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| १. | भागेश्वरी विल्डर्स. | श्री दीपक बहादुर रैस्वाल | ४ | कीर्तिपुर, मच्छेगाँउ | |
| २. | नायरा ड्रिलिङ एण्ड कन्स्ट्रक्सन प्रा. लि. | श्री सरला कार्की | १० | कीर्तिपुर, टयाङ्लाफाट | |

निर्णय नं ९

कीर्तिपुर नगरपलिकाको आयोजना र नेपाल पर्यटन बोर्डको सहकार्य तथा पर्यटन सम्बद्ध सम्पूर्ण निजि क्षेत्रका छाता संगठनहरूको सहकार्यमा यहि मिति २०८० अषाढ ८ गते शुक्रबार कीर्तिपुर नगरमा रात्रीकालिन पर्यटन प्रवर्द्धन कार्यक्रम शुभारम्भ हुने जानकारी गराइयो ।